# दोर्दी-१ जलविद्युत खबर

वैशाख २०७४, अंक ५



क्याम्प फेन्सिङ्ग

## आयोजनाको हालको निर्माण अवस्था

सरकारी वन उपभोग अन्तर्गतको स्वीकृतिको लागि जिल्ला वन कार्यालय लमजुङ्गबाट सिफारिस भइसकेको र हाल काठमाडौं वन मन्त्रालयबाट उर्जा मन्त्रालयको स्वीकृतिको लागि सिफारिस हुने क्रममा रहेको छ । असार मसान्त २०७४ सम्ममा टनेल ठेक्का दिइसक्ने यस आयोजनाले लक्ष्य लिएको छ ।

दोर्दी खोला जलविद्युत कम्पनीले १०.३ मेगावाट बाट थप १.७ मेगावाट जडित क्षमता वृद्धिको लागि विद्युत विकास विभागबाट यसै आर्थिक वर्ष भित्र सैद्धान्तिक सहमतिपत्र प्राप्त गरिसक्ने लक्ष्य लिएको छ । साथै, आयोजनाको लागि आवश्यक थप १५ रोपनी जग्गा भाडामा लिने कार्य सम्पन्न भएको छ ।



साइट सर्भे वर्कस



सडकको स्तरोन्नती गरिँदै



पावर हाउस देखि टेलरेस सम्म पुग्ने पहुँच मार्ग

आयोजनाका सम्पूर्ण सर्भे कार्यहरु सम्पन्न भइसकेका छन् । आयोजनाको पावरहाउस देखि उदिपुर सवस्टेशन सम्म १३२ के.भी विद्युत प्रसारण लाइनको डिजाइन कार्य सम्पन्न भई प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनका लागि राय सुझाव संकलन गर्ने सम्बन्धमा सार्वजनिक सूचना प्रकाशित भइसकेको छ ।

आयोजना स्थलमा थप क्याम्प हाउस निर्माणको लागि डिजाइन सम्पन्न भएको छ । यस आयोजनाको निर्माण कार्य विस्तारको लागि कम्पनीद्वारा आयोजना निर्माण स्थलमा थप कर्मचारीमा सिभिल इन्जिनियर, मेकानिकल इन्जिनियर, इलेक्ट्रिकल इन्जिनियर र जनसम्पर्क अधिकृत परिचालन गरिएका छन् ।




स्काभेटर द्वारा काम गरिदै



हेडवर्कस स्थल सम्म पुग्ने पहुँच मार्ग



साइट सर्भे वर्कस गरिदै

**सम्पादक: पार्वती पराजुली**

**दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर ,काठमाडौं**

**फोन न: ९७७-१-४२३२७४८, ४२३२७४९,**

**ईमेल : info @dordikhola.com.np**

**वेबसाइट : www.dordikhola.com.np**